एकाइ ६ · हाम्रा आर्थिक क्रियाकलाप

कार्यपत्र

पूर्णाङ्क २९

नाम _____ कक्षा _____ रोल नं. _____ मिति _____ प्राप्ताङ्क _____ / २९

१ मुख्य शब्द [३]


कोठामा दिइएका उपयुक्त शब्द छानी खाली ठाउँ भर्नुहोस्। कोठाका दुईओटा शब्द प्रयोग हुँदैनन्। प्रत्येक खाली ठाउँको ०.५ अङ्क छ।

अन्तरसम्बन्ध	**उत्पादकत्व**	**उपभोक्ता**	**कुल गार्हस्थ उत्पादन**	**बजेट**	**रोयल्टी**	**विप्रेषण**	**व्यावसायिक खेती**

देशभित्र एक वर्षमा उत्पादन भएका सबै वस्तु र सेवाको जम्मा मूल्यलाई _____ भनिन्छ। बजारमा बेचेर नाफा कमाउने उद्देश्यले गरिने खेतीलाई _____ भनिन्छ। विदेशमा काम गर्ने नेपालीले पठाएको पैसालाई _____ भनिन्छ। एउटा जमिनबाट पाइने उब्जनीको मात्रालाई _____ भनिन्छ। वस्तु वा सेवा किनेर प्रयोग गर्ने व्यक्ति, समूह वा संस्थालाई _____ भनिन्छ। राज्यको प्राकृतिक स्रोत प्रयोग गरेबापत तिरिने रकमलाई _____ भनिन्छ।

२ चित्रको नामाङ्कन [३]

चित्रमा जलविद्युत् गृहले बिजुली निकाल्ने तरिका देखाइएको छ। १ देखि ६ सम्मका अङ्क भएका ठाउँमा उपयुक्त नाम लेख्नुहोस्। यी नाम प्रयोग गर्नुहोस्: टर्बाइन, बाँध, पेनस्टक, जलाशय, जेनेरेटर र सुरुङ। प्रत्येकको ०.५ अङ्क छ।



१. _____ २. _____

३. _____ ४. _____

५. _____ ६. _____

३ ठिक कि बेठिक? [२]

वाक्य ठिक भए ✓ र बेठिक भए ✗ चिह्न लगाउनुहोस्। प्रत्येकको ०.५ अङ्क छ।

i. नेपालमा जलविद्युत् उत्पादन वि.सं. १९६८ मा काठमाडौँको फर्पिङबाट सुरु भएको हो। ☐

ii. नेपालमा मूल्य अभिवृद्धि कर (भ्याट) को दर १० प्रतिशत छ। ☐

iii. प्याकेटको ब्याच नम्बरले सामान प्रयोग गर्न सकिने अन्तिम मिति बताउँछ। ☐

iv. बागलुङका युवराज र ढालकुमारी कँडेलले प्लास्टिकको टनेलमा प्याजका बिरुवा उमारेर बेच्नुहुन्छ। ☐

४ अति छोटो उत्तर [९]

तलका प्रश्नको अति छोटो उत्तर लेख्नुहोस्।

क. कर भनेको के हो? [१]

ख. विश्व उपभोक्ता अधिकार दिवस हरेक वर्ष कहिले मनाइन्छ? [१]

ग. नेपालको सबैभन्दा ठुलो जलविद्युत् आयोजना कुन हो? [१]

घ. बर्दियाका किसानले गहुँको सट्टा मकै लगाउन किन थालेका छन्? [१]

ङ. आर्थिक वर्ष २०८१/८२ मा नेपालको कुल गार्हस्थ उत्पादनमा सबैभन्दा ठुलो हिस्सा कुन क्षेत्रको थियो? [१]

च. नेपालमा जलविद्युत्को ठुलो सम्भावना हुनुको मुख्य कारण के हो? [१]

छ. चिनी उद्योग बन्द भयो भने सबैभन्दा पहिले कसलाई मर्का पर्छ? [१]

ज. प्रमिलाले सामान किन्दा लेबलमा उत्पादन मिति र अन्तिम मिति हेरिन्। उनले उपभोक्ताको कुन अधिकारको प्रयोग गरिन्? [१]

Science Playground, कादुन्जे, भक्तपुर
https://science-playground.com/learn/grade-7-social/our-economic-activities

झ. सरकारले वृद्धवृद्धालाई दिने वृद्धभत्ता सरकारको आय हो कि खर्च? **[१]**

५ छोटो उत्तर **[६]**

तलका प्रश्नको छोटो उत्तर लेख्नुहोस्।

क. सिँचाइबाट कृषिको विकासमा सहयोग पुग्ने कुनै दुई तरिका लेख्नुहोस्। **[२]**

ख. गोरखाको पालुङटार नगरपालिकाले भूमि बैङ्क कार्यक्रम किन सुरु गरेको हो? यसबाट कसलाई के फाइदा पुग्छ? **[२]**

ग. सीताले राहदानी बनाउँदा सरकारलाई रकम तिरिन्। पसलबाट साबुन किन्दा पनि उनले भ्याट तिरिन्। यी दुईमध्ये कुन कर हो र कुन शुल्क? कारणसहित लेख्नुहोस्। **[२]**

६ लामो उत्तर **[४]**

तलको प्रश्नको लामो उत्तर लेख्नुहोस्।

कृषि, उद्योग र व्यापारबिचको अन्तरसम्बन्ध उदाहरणसहित उल्लेख गर्नुहोस्।

Science Playground, कादुन्जे, भक्तपुर
https://science-playground.com/learn/grade-7-social/our-economic-activities

७ सोच्नुहोस् [२]

सोचेर उत्तर लेख्नुहोस्।

सरकारले बजेटको झन्डै एक तिहाइ रकम ऋणबाट जुटाउँछ। ऋण लिएर जलविद्युत् आयोजना बनाउनु र ऋण लिएर कर्मचारीको तलब खुवाउनुमध्ये कुन बढी बुद्धिमानी हो? कारण दिनुहोस्।

८ क्रियाकलाप: घरमा भएका प्याकेटको लेबल (अङ्क नदिइने)

घरमा भएका छओटा प्याकेटका सामानको लेबल पढेर तालिका भर्नुहोस्। आजको मिति हेरेर अन्तिम कोठामा किन्न वा खान मिल्ने भए “मिल्छ” र नमिल्ने भए “मिल्दैन” लेख्नुहोस्।

सामानको नाम	उत्पादन मिति	प्रयोग गर्न सकिने अन्तिम मिति	अधिकतम खुद्रा मूल्य	किन्न मिल्छ?

Science Playground, कादुन्जे, भक्तपुर
https://science-playground.com/learn/grade-7-social/our-economic-activities